# सहकारी संघ/संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि , २०७५

(प्रथम पटक संशोधन मिति २०७६/०४/१३)

**प्रस्तावना :** गण्डकी प्रदेश सरकारबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा विनियोजित बजेट तथा कार्यक्रममा परेका :-

१. सहकारी व्यवसायको संरक्षण, प्रवर्धन तथा विकास गरी स्वरोजगार, रोजगार सृजना, उत्पादन बृद्धि तथा आत्मनिर्भर बनाउनका लागि उत्पादनमूलक सहकारी संघ/संस्थालाई प्रबर्द्धन/सहयोग गर्न,

२. चक्लाबन्दीमा आधारित सहकारी/सामूदायिक खेती प्रबर्द्धन सहयोग गर्न

३. सहकारी प्रबर्द्धनका लागि दिवस, मेला, महोत्सव कार्यक्रमलाई सहयोग गर्न

४. एक सहकारी एक उत्पादन कार्यक्रमलाई सहयोग गर्न,[१] र

५. उत्कृष्ट सहकारी संघ संस्थाहरुलाई पुरस्कार तथा सम्मान कार्यक्रम (अन्य) सञ्चालन गर्न [२]।

व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्न कार्यान्वयन गर्नका लागि प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम गण्डकी प्रदेश मन्त्रिपरिषदको मिति २०७५/०७/२५ को निर्णयानुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्युबाट स्वीकृत गरी यो कार्यविधि बनाएको छ ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सहकारी संघ/संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि , २०७५" रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेश, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्युबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

---

[१] पहिलो संशोधनबाट प्रस्ताबनामा क्र.सं. ४ थप गरिएको ।

[२] पहिलो संशोधनबाट प्रस्ताबनामा क्र.सं. ५ थप गरिएको ।

(क) "आयोजना" भन्नाले दफा ३ बमोजिम सञ्चालन गर्न प्रस्ताव गरिएको आयोजना वा सञ्चालनमा आएका आयोजना सम्झनु पर्छ ।

(ख) "एक सहकारी एक उत्पादन" भन्नाले सहकारी संस्थाले कृषि, पशुपन्क्षी, मत्स्य र अन्यबाट उत्पादन, सञ्चय, प्रशोधन वा बजारीकरण सम्बन्धी गरेको व्यवसाय वा सहकारी खेती वा सहकारी खेती गर्न उत्प्रेरित गराउनको लागि सञ्चालन हुने तालिमलाई सम्झनु पर्छ। [३]

(ग) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको सहकारी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "चक्लाबन्दीमा आधारित सहकारी खेती" भन्नाले संस्थाले वा संस्थाका सदस्यहरुले आ-आफ्नो जग्गाहरु एकिकृत गरी सामूहिकरुपमा गरेको सहकारी खेती वा संस्थाले ठूलो क्षेत्रफलमा गरेको सहकारी खेतीलाई जनाउँछ ।

(ङ) "निर्देशन समिति" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको निर्देशन समिति सम्झनु पर्छ ।

(च) "प्रस्ताव मूल्याङ्कन समिति" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ ।

(ज) "मुख्य कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेका व्यावसायिक क्रियाकलापहरु मध्ये कुल वार्षिक कारोबारको पचास प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

(झ) "विनियम" भन्नाले संस्थाको विनियम सम्झनु पर्छ ।

(ञ) "स्थीर पूँजी" भन्नाले सहकारीको शेयर पूँजी, भवन, सवारी साधन, स्थायी सम्पत्ति, मेशिनरी औजारलाई समेत जनाउँछ ।

(ट) "सहकारी खेती" भन्नाले संस्थाले कृषि, पशुपन्क्षी, मत्स्य र अन्यबाट उत्पादन, प्रशोधन तथा बजारीकरण हुने ब्यवसायलाई जनाउँछ ।

(ठ) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

(ड) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ ।

(ढ) "सीमान्तकृत समुदाय" भन्नाले गरिब तथा विपन्न वर्ग, महिला, दलित र पिछडिएका अल्पसङ्ख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरुलाई समेत जनाउँछ ।

---

[३] पहिलो संशोधनबाट दफा २ को खण्ड (ख) थप गरिएको ।

(ण) "संघ" भन्नाले विषयगत जिल्ला सहकारी संघ, जिल्ला सहकारी संघ, विषयगत प्रदेश सहकारी संघ र प्रदेश सहकारी संघलाई जनाउँछ ।

(त) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी संघलाई समेत जनाउँछ ।

परिच्छेद - २

**अनुदान सम्वन्धी व्यवस्था**

३. **अनुदान दिन सक्ने** : (१) सहकरी संघ/संस्थाको आयोजना सञ्चालन गर्न मन्त्रालयले देहाय बमोजिमको अनुदान दिन सक्नेछ :

(क) बीउपुँजी अनुदान,
(ख) पुँजीगत अनुदान ,
(ग) सहकारी प्रवर्द्धनका लागि दिवस, मेला महोत्सव सहयोग कार्यक्रम ।
(घ) एक सहकारी एक उत्पादन कार्यक्रमलाई सहयोग गर्न,[४] र
(ङ) उत्कृष्ट सहकारी संघ संस्थाहरुलाई पुरस्कार तथा सम्मान कार्यक्रम (अन्य) सञ्चालन गर्न [५]।

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने रकमको अधिकतम सीमा मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान तथा सुविधा दिंदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछ :

(क) व्यवसायी कृषक, श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय, गरिब तथा विपन्न महिला सम्मिलित सहकारी संस्थाले पहाडमा दश रोपनी र तराईमा दुई विघा भन्दा बढी जग्गामा खाद्ध्यान्न तथा तरकारी बालीको बीउ उत्पादन, फलफुल तथा तरकारी खेती, अलैंची खेती, अदुवा/बेसार खेती, उखु खेती, आलु खेती, चिया/कफी खेती, माछापालन, पशुपन्छीपालन तथा चरन व्यवस्थापनका चक्लाबन्दीमा आधारित सहकारी खेती वा आफ्ना सदस्यहरुलाई सामूहिक सहकारी खेती वा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

---

[४] पहिलो संशोधनबाट प्रस्ताबनामा उपदफा 'घ' थप गरिएको ।

[५] पहिलो संशोधनबाट प्रस्ताबनामा उपदफा 'ङ' थप गरिएको ।

(ख) कृषि सहकारी संस्थाले दीर्घकालीन रुपमा भूमिको व्यवस्था गरी चक्लाबन्दीमा आधारित सहकारी खेती वा सदस्यलाई संलग्न गराई सामूहिक सहकारी खेती सञ्चालन गर्ने आयोजना,

(ग) कृषि सहकारी संस्थाले आफ्ना सदस्यहरुको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

(घ) विषयसँग सम्बन्धित सहकारी संस्थाले सङ्गठित भई वा सामूहिकरुपमा एक सहकारी एक उत्पादन[६] सञ्चालन गर्ने, शीतघर, श्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्‌ध्युत, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना ।

(४) सहकारी संघ, संस्थाको सहभागितामा गण्डकी प्रदेशभित्र हुने सहकारी प्रवर्धनका गतिविधि झल्किने गरी मनाइने राष्ट्रिय सहकारी दिवस, मेला महोत्सव कार्यक्रममा र उत्कृष्ट सहकारी संघ संस्थाहरुलाई पुरस्कार तथा सम्मान कार्यक्रममा [७]मन्त्रालयले निर्णय गरी देहाय बमोजिमको रकम सहयोग प्रदान गर्न सक्नेछ :

(क) राष्ट्रिय सहकारी दिवस वा मेला महोत्सव कार्यक्रम आयोजकले राष्ट्रिय सहकारी दिवस, मेला महोत्सव कार्यक्रममा सहयोग रकम मागका लागि मन्त्रालयमा सहकारी संघ, संस्थाले कर चुक्ताको प्रमाणपत्र सहित कार्यक्रमको प्रस्ताव र संगठित संघ, संस्था भएमा नविकरण प्रमाणपत्र सहित कार्यक्रमको प्रस्ताव पेस गर्नुपर्नेछ,

(ख) मन्त्रालयले प्राप्त कार्यक्रम सहितको प्रस्ताव मनासिव देखेमा राष्ट्रिय सहकारी दिवसका लागि एक जिल्लामा बढीमा पचास हजार रुपैयाँसम्म र एक मेला महोत्सव कार्यक्रममा बढीमा तीस हजार रुपैयाँसम्म सहयोगस्वरुप पेश्कीका रुपमा प्रदान गर्न सक्नेछ ।

(ग) मन्त्रालयबाट प्राप्त सहयोग रकम बराबरको बील भरपाई पेस गरी पेश्की फछ्र्यौट गर्नु कार्यक्रम, प्रस्ताव पेस गर्ने आयोजक वा पेश्की लिनेको कर्तव्य हुनेछ ।

(घ) पहिलेको कार्यक्रममा लगेको पेश्की फछ्र्यौट नगर्ने आयोजक वा संघ, संस्थालाई पुन: सहयोग रकम उपलव्ध गराइनेछैन ।

(ङ) प्रस्तावमा उल्लेखित कार्यक्रम नगरी पेश्की रकम हिनामिना गरेको ठहरिएमा सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(५) एक सहकारी एक उत्पादन वा सहकारी खेती गर्ने वा बित्तिय कारोवार गर्ने वा सेवा प्रदान गर्ने सहकारी संघ, संस्थालाई अनुसूची ५ बमोजिम मूल्याङ्कनका आधारमा छनौट गरी राष्ट्रिय सहकारी

---

[६] पहिलो संशोधनबाट थप गरिएको ।

[७] पहिलो संशोधनबाट थप गरिएको ।

दिवस समारोहमा घोषणा गरिने र एक उत्कृष्ट सहकारी संघ संस्थालाई बढीमा बीस हजार रुपैयाँसम्म नगद रकम सहित पुरस्कार वा सम्मान वा कदरपत्र सहयोग प्रदान गर्न सकिनेछ [८]।

४. **<u>बीउपुँजी अनुदान प्रदान गर्न सक्ने</u>** : (१) मन्त्रालयले सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्था वा सहकारी खेति गर्ने सहकारी संस्थालाई दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिमको आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बीउपुँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य वीस हजार रुपैयाँ वा कुल छ लाख रुपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सीमान्तकृत समुदाय सम्मिलित संस्थाको हकमा प्रति सदस्य तीस हजार रुपैयाँ वा कुल सात लाख पचास हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक बीउपुँजी अनुदान उपलब्ध गराइएको संस्थालाई आयोजना विस्तार गरी थप स्वरोजगारी दिलाउने अवस्थामा दुई वर्षपछि उपदफा (२) वा (३) बमोजिमको सीमामा नबढाई बीउपुँजी अनुदान प्रदान गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम उपलब्ध गराइएको बीउपुँजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीका साथै व्यवसाय सञ्चालन खर्च व्यहोर्ने गरी उपयोग गर्न सक्नेछ ।

(६) उत्पादन, प्रशोधन, बजारीकरण गर्ने संस्थाले मात्र बीउपुँजी अनुदान प्राप्त गर्न सक्ने छन् ।

५. **<u>पुँजीगत अनुदान प्रदान गर्न सक्ने</u>** : (१) दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित आयोजना सञ्चालन गर्न मन्त्रालयले सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्था <u>वा एक सहकारी एक उत्पादन सम्वन्धी</u> [९]सहकारी खेति गर्ने कृषि सहकारी संस्थालाई देहाय वमोजिम पुँजीगत अनुदान प्रदान गर्न सक्नेछ :-

(क) मनाङ जिल्ला पुरै, गोरखा जिल्लाको सिर्दिवास उत्तरको लार्के क्षेत्र, वाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्र र मुस्ताङ जिल्लाको टुकुचे उत्तरको दुर्गम क्षेत्रका लागि प्रस्तावित आयोजनाको कुल स्थीर पुँजी आवश्यकताको पचहत्तर प्रतिशतसम्म र

(ख) अन्य क्षेत्रको हकमा प्रस्तावित आयोजनाको कुल स्थीर पुँजी आवश्यकताको साठी प्रतिशतसम्म ।

---

[८] पहिलो संशोधनबाट थप गरिएको ।

[९] पहिलो संशोधनबाट थप गरिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाहरु मात्र सम्मिलित संस्थाद्वारा सञ्चालित आयोजनाको हकमा उपदफा (१) को खण्ड (क) बमोजिमको क्षेत्रमा असी प्रतिशतसम्म र खण्ड (ख) बमोजिमको क्षेत्रमा सत्तरी प्रतिशतसम्म पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयन गर्न एक वर्ष भन्दा बढी अवधि लाग्ने प्रकृतिका आयोजना बहुवर्षीय रुपमा स्वीकृत गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय आयोजनाको अवधि, प्रदान गरिने वित्तिय अनुदानको भुक्तानि र तत्सम्वन्धी अन्य सर्तहरु आयोजनाको प्रकृति हेरी निर्देशन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम प्रदान गरिएको पुँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी आयोजनाको पुँजीगत खर्चमा मात्र उपयोग गर्नु पर्नेछ ।

(६) उत्पादन, प्रशोधन, बजारीकरण गर्ने संस्थाले मात्र पुँजीगत अनुदान प्राप्त गर्न सक्ने छन् ।

(७) चक्लाबन्दीमा आधारित सहकारी/सामूदायिक खेती वा एक सहकारी एक उत्पादन प्रबर्द्धन [१०] सहयोगका लागि पुँजीगत अनुदान प्रदान गर्दा दफा ३ उपदफा (३) (क) भन्दा धेरै जग्गामा गरिएको वा गरिने सहकारी खेतीलाई प्राथमिकता दिन सकिने छ ।

(८) एक सहकारी एक उत्पादन सहयोग कार्यक्रममा विनियोजित बजेटको पाँच प्रतिशत रकम अनुदान सहयोग माग गर्ने वा प्राप्त गर्ने संघ संस्थाका सञ्चालक वा ब्यवस्थापक वा सदस्यहरुलाई अनुदान सहयोग रकमको उपयोग, समयमा नै आयोजना सम्पन्न गर्न, आयोजनाको दिगो संरक्षण सम्वन्धी तालिम सञ्चालन गर्न, अनुदान सहयोग माग गर्ने वा प्राप्त गरेका संघ संस्थाको सूचना प्रकाशन, कार्यक्रम सञ्चालन तथा नियमित अनुगमन गर्ने कार्यमा खर्च गरिने र बजेट रकमको बाँकी पन्चानब्बे प्रतिशत एक सहकारी एक उत्पादन सहयोग कार्यक्रममा अनुदान प्रदान गरिने छ [११]।

६. **सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गर्नु पर्ने :** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले देहाय बमोजिम सदस्त केन्द्रित व्यवसाय सञ्चालन गर्नुपर्नेछ :-

(क) उत्पादनमूलक सहकारी संस्थाले सदस्यहरुको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) कृषि सहकारी संस्थाले संस्थाको वा सदस्यको चक्लाबन्दीमा आधारित सहकारी खेती, वस्तु वा सेवा मात्र उत्पादन गर्नुपर्ने,

(ग) रोजगारीमूलक सहकारी संस्थाले सदस्यहरुलाई मात्र रोजगारी दिनुपर्ने,

---

[१०] पहिलो संशोधनबाट थप गरिएको ।

[११] पहिलो संशोधनबाट थप गरिएको ।

(२) यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यो दफा लागू हुनेछैन ।

**७. <u>अनुदान उपलब्ध नगराइने</u>** : (१) दफा ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलब्ध गराइनेछैन :-

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा सुपरिवेक्षक समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमित रुपमा वार्षिक लेखा परीक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेस नभएको,

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाणपत्र नभएको,

(ज) संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पूरा नभएको ।

तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद - ३

## <u>अनुदान प्रदान गर्ने प्रक्रिया</u>

**८. <u>सूचना प्रकाशन गर्ने</u>** : (१) प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र मन्त्रालय वा कार्यलयले[१२] वित्तीय अनुदानका लागि आयोजना प्रस्ताव पेश गर्न कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिन अवधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना कार्यालय, प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र जिल्ला विषयगत सहकारी संघमा समेत जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना मन्त्रालय वा कार्यालयको[१३] वेबसाइटमा समेत राख्नुपर्नेछ ।

---

[१२] पहिलो संशोधनबाट थप

[१३] पहिलो संशोधनबाट थप

९. **दरखास्त पेस गर्नुपर्ने** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ८ बमोजिम प्रकाशित सूचनामा दिइएको अवधि भित्र अनुसूची - १ बमोजिमको ढाँचामा मन्त्रालय वा कार्यालयमा[१४] दरखास्त दिनु पर्नेछ :-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ताको प्रमाणपत्र,

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभावाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने गरिएको निर्णयको प्रतिलिपि,

(छ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्वर सहित तीन पुस्ते खुलेको विवरण,

(ज) पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(ञ) आयोजनाको लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात,

(ट) अनुसूची - २ बमोजिमको विवरण,

(ठ) स्थानिय तहबाट आयोजनाको लागि उपलव्ध गराउने समपूरक (आयोजनाको कम्तीमा दश प्रतिशत वा सोभन्दा बढी) रकम सहितको प्रस्तावित आयोजना सिफारिस वा प्रस्तावित आयोजना सिफारिस ।

१०. **प्रारम्भिक छानविन गर्ने** : (१) कार्यालयमा प्राप्त दरखास्तहरु दरखास्त पेश गर्नुपर्ने म्याद समाप्त भएको १५ दिनभित्र मन्त्रालय वा कार्यालयमा[१५] पेश गर्नुपर्नेछ ।

(२) दफा ९ बमोजिम प्राप्त दरखास्त उपर मन्त्रालय वा कार्यालयको[१६] सम्वन्धित शाखाले प्रारम्भिक छानविन गर्नेछ ।

---

[१४] पहिलो संशोधनबाट थप

[१५] पहिलो संशोधनबाट थप

[१६] पहिलो संशोधनबाट थप

(३) उपदफा (२) बमोजिम छानविन गर्दा सम्वन्धित शाखाले अनुसूची -३ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा शाखामा उपलव्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा यस कार्यविधि बमोजिम अनुदान उपलव्ध गराउन मिल्ने देखिएमा सम्वन्धित शाखाले उपदफा (२) बमोजिमको जाँचसूची सहित छनौटका कार्यक्रम तथा बजेट समेत प्रस्ताव गरी अनुदान उपलव्ध गराउन दफा ११ बमोजिमको प्रस्ताव मूल्यांकन समितिमा सिफारिश गर्नु पर्नेछ ।

(५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य कुरा निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

**११. <u>प्रस्ताव मूल्यांकन गर्ने</u>** : (१) दफा १० को उपदफा (४) बमोजिम प्राप्त प्रस्तावको मूल्यांकन गरी सिफारिश गर्न मन्त्रालयमा देहाय बमोजिमको प्रस्ताव मूल्यांकन समिति रहनेछ :-

(क) प्रमुख प्रशासन तथा सहकारी महाशाखा, मन्त्रालय -संयोजक

(ख) अधिकृत, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य

(ग) अधिकृत, खाद्य सुरक्षा तथा कृषि व्यवशाय प्रबर्द्धन महाशाखा,मन्त्रालय -सदस्य

(घ) अधिकृत,पशुपन्छी विकास महाशाखा, मन्त्रालय -सदस्य

(ङ) सहकारी शाखा हेर्ने, शाखा अधिकृत, मन्त्रालय - सदस्य-सचिव

(२) मूल्यांकन प्रयोजनका लागि दफा ८ बमोजिमको सूचनाको म्यादभित्र मन्त्रालय वा कार्यालयमा दर्ता भई दफा १० को उपदफा (४) बमोजिम सिफारिश गरी पठाइएका सवै दरखास्तहरु प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ ।

(३) मूल्यांकन गर्दा प्रस्ताव मुल्याङ्कन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्याइएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची -४ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ ।

**१२. <u>आयोजना प्रस्तावको स्वीकृति</u>** : (१) दफा ११ बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिश भएको प्रस्ताव स्वीकृतिको लागि मन्त्रालयका सचिवले निर्देशन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावमा विचार गरी निर्देशन समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव यो कार्यविधि बमोजिम भएको नदेखिएमा निर्देशन समितिले देहाय बमोजिम गर्नेछ :-

(क) तात्विक प्रक्रियागत वा अन्य त्रुटि देखिएकोमा पुनः मुल्याङ्कनका लागि कुनै वा सवै प्रस्ताव मुल्याङ्कन समितिमा फिर्ता पठाउने, वा

(ख) निर्देशन समितिबाट उपसमिति बनाई पुनरावलोकन गराउने ।

(४) कुनै पनि आयोजना प्रस्ताव स्वीकृत हुनको लागि न्युनत्तम चालिस अंक प्राप्त गर्नुपर्नेछ ।

(५) आयोजना प्रस्ताव मध्ये एक जिल्ला वा स्थानीय तहबाट एकमात्र पर्न आएमा, स्थानीय तहको सहभागितामा आयोजना कार्यान्वयन गर्ने गरी सिफारिस सहितको प्रस्ताव पर्न आएमा अनुसूची ४ बमोजिम न्युनत्तम पचास अंक प्राप्त गर्ने आयोजना प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्देशन समितिले आवश्यक देखेका उपयुक्त आयोजनालाई कुनै सर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

**१३. निर्देशन समितिको गठन :** (१) यस कार्यविधि बमोजिम आयोजना प्रस्तावहरुको स्वीकृति गर्ने तथा तत्सम्वन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशन समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) प्रमुख, खाद्ध्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | -सदस्य |
| (घ) प्रमुख, पशुपंक्षी विकास महाशाखा, मन्त्रालय | - सदस्य |
| (ङ) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) निर्देशन समितिले आवश्यक परेमा आफ्नो कार्यविधि आंफै बनाउन सक्नेछ ।

(३) निर्देशन समितिको बैठक भत्ता तथा खाजा खर्च स्वीकृत बजेट तथा कार्यक्रमको बिनियोजित रकमबाट व्यहोरिनेछ ।

(४) निर्देशन समितिले अनुदानको लागि स्वीकृत गरेका संस्थाका आयोजना प्रस्तावको विवरण सार्वजनिक गराउनु पर्नेछ ।

(५) निर्देशन समितिले अनुदान प्रदान गर्ने सम्वन्धमा आवश्यक सर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद - ४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

**१४. जानकारी दिनु पर्ने :** (१) दफा १२ को उपदफा (२) बमोजिम निर्देशन समितिबाट आयोजना प्रस्ताव स्वीकृत भएको विवरण प्राप्त भएपछि आयोजना प्रस्ताव स्वीकृत हुने संस्थालाई जानकारी दिनु पर्नेछ । त्यसरी आयोजना प्रस्ताव स्वीकृत भएको सूचना मन्त्रालय वा कार्यालयको[१७] वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ ।

तर कुनै विशेष अवस्था परी केही दिन ढिलो भए तापनि सम्झौता गर्ने पदाधिकारीलाई सो विशेष परिस्थिति परेको भन्ने आधार मुनासिब लागेमा सम्झौता गर्न बाधा पर्ने छैन ।

**१५. सम्झौता गर्नुपर्ने :** यस कार्यविधि बमोजिम मन्त्रालय वा कार्यालयले[१८] संस्थालाई अनुदान प्रदान गर्दा निर्देशन समितिले तोकेको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

**१६. भुक्तानी विधि :** (१) यस कार्यविधि बमोजिम संस्थालाई उपलव्ध गराइने वित्तीय अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछ :-

(क) सम्झौता भएपछि बीस प्रतिशत पेश्कीको रुपमा र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिलसहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पूरा नगरेसम्म र निर्देशन समितिले दफा १३ को उपदफा (४) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

(३) स्थानिय तहले समपुरक कोष उपलव्ध गराउने गरी सिफारिस गरेका स्वीकृत आयोजनामा दिइने अनुदान रकम मन्त्रालय वा कार्यालयले[१९] सम्वन्धित स्थानिय तहको खातामा निकासा गर्न सक्नेछ ।

**१७. सार्वजनिक खरिद ऐन लागू हुने :** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

---

[१७] पहिलो संशोधनबाट थप

[१८] पहिलो संशोधनबाट थप

[१९] पहिलो संशोधनबाट थप

**१८. <u>वित्तीय अनुदानको सदुपयोग गर्नुपर्ने</u> :** (१) संस्थाले वित्तीय अनुदानको रकम दफा ४, ५, र ६ बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

**१९. <u>प्रतिवेदन दिनुपर्ने</u> :** संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र मन्त्रालय वा कार्यालयमा पेश गर्नु पर्नेछ :-
(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,
(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र र
(ग) आयोजनाको प्रतिफल र उपलव्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र ।

**२०. <u>अनुगमन गर्नुपर्ने</u> :** (१) मन्त्रालय वा कार्यालयले[२०] यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।
(२) मन्त्रालय वा कार्यालयबाट हुने अनुगमनका लागि खर्च स्वीकृत बजेट तथा कार्यक्रममा बिनियोजित रकमबाट व्यहोरिनेछ ।
(३) उपदफा (१) बमोजिम गरिने अनुगमनको प्रतिवेदन मन्त्रालय वा कार्यालयले[२१] तोकेको ढाँचामा पेश गर्नु पर्नेछ ।
(४) उपदफा (१) बमोजिम गरिने अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

**२१. <u>अनुदान रोक्का गर्न सक्ने</u> :** (१) दफा २० बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै सर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा मन्त्रालय वा कार्यालयले[२२] मनासिव समय दिई देहाय बमोजिम गर्न सक्नेछ :-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको सर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा मन्त्रालय वा कार्यालयले[२३] आवश्यक सुधार गरपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

---

[२०] पहिलो संशोधनबाट थप

[२१] पहिलो संशोधनबाट थप

[२२] पहिलो संशोधनबाट थप

[२३] पहिलो संशोधनबाट थप

(३) उपदफा (२) बमोजिम मन्त्रालय वा कार्यालयले[२४] रोक्का राखेको वा फुकुवा गरेको जानकारी संस्थालाई दिनुपर्नेछ ।

**२२. <u>असूल उपर गरिने</u>** : दफा २० बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**२३. <u>सफाई पेस गर्ने मौका दिनुपर्ने</u>** : दफा २१ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा २२ बमोजिम रकम असूल उपर गर्नुपर्दाको अवस्थामा सम्वन्धित संस्थालाई सफाई पेस गर्ने मनासिव माफिकको समय दिनुपर्नेछ ।

**२४. <u>वित्तीय अनुदानको लेखापरीक्षण</u>** : (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण प्रचलित कानून अनुसार गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाईहरु यस कार्यविधि बमोजिम अलग्गै रुपमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि मन्त्रालय वा कार्यालयमा[२५] पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजूरी परेमा मन्त्रालय वा कार्यलयले[२६] तत्सम्वन्धमा छानबिन गरी संस्थालाई पुन: लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

(५) स्थानिय तहलाई उपलव्ध गराइएको अनुदान रकमको लेखा परीक्षण गर्ने दायित्व सम्वन्धित स्थानिय तहको हुनेछ ।

परिच्छेद - ५

## <u>विविध</u>

**२५. <u>साधारण सभालाई जानकारी गराउनु पर्ने</u>** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त भएपछि संस्थाले लगतै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

---

[२४] पहिलो संशोधनबाट थप

[२५] पहिलो संशोधनबाट थप

[२६] पहिलो संशोधनबाट थप

**२६. स्थानीय तहसँग समन्वय, साझेदारी र सहकार्यता** : (१) मन्त्रालय वा कार्यालयले[२७] आफ्नो क्षेत्राधिकारभित्र यस कार्यविधि बमोजिम स्वीकृत भएको वित्तीय अनुदानको रकम र प्रयोजन समेत खोली त्यस्तो अनुदान प्राप्त गर्ने संस्थाहरुको विवरण सम्वन्धित स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) संस्थाले दफा २० बमोजिम मन्त्रालयमा पेस गर्ने प्रतिवेदनको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत पठाउनुपर्नेछ ।

(३) सम्वन्धित स्थानीय तहले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले सञ्चालन गरेको आयोजनाको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नुपर्नेछ ।

(४) अनुदान प्राप्त गर्ने संस्थाहरुले प्राप्त अनुदानबाट गरेका कार्यहरु वार्षिक साधारण सभाबाट अनुमोदन गरी सोको एक प्रति सम्वन्धित स्थानिय तहमा उपलव्ध गराउनु पर्नेछ ।

(५) स्थानिय तहले समपुरक कोष उपलव्ध गराउने साझेदारीका आयोजनाहरु कार्यान्वयन एवं सम्पन्न गराउने जिम्मेवारी सम्वन्धित स्थानिय तहको हुने र सो आयोजनामा दिइने अनुदान रकम मन्त्रालय वा कार्यालयले[२८] सम्वन्धित स्थानिय तहको खातामा निकासा गर्न सक्नेछ ।

**२७. विवरण सार्वजनिक गर्नुपर्ने** : (१) संस्थाले मन्त्रालय वा कार्यालयबाट[२९] प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटबारी आयोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखि सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम प्रदेश सरकारका साथै संस्थाको प्रयोजनगत योगदान र अद्ध्यावधिक खर्चका महलहरु राख्नु पर्नेछ ।

**२८. प्रवर्द्धन वा पुन : सञ्चालनका लागि अनुदान दिन सकिने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने संस्थाका साथै पुराना साझा (सहकारी) संस्थाको सम्पत्तिको संरक्षण र उपयोग गरी पुन: सञ्चालन गर्ने सिलसिलामा स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था गरी आवश्यक अनुदान प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानका सम्वन्धमा अन्य व्यवस्था निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

**२९. प्रतिवेदन प्रकाशन गर्नुपर्ने** : मन्त्रालय वा कार्यालयले[३०] यस कार्यविधि बमोजिम प्रदान गरिएको वित्तीय अनुदानको प्रतिफलसमेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

---

[२७] पहिलो संशोधनबाट थप

[२८] पहिलो संशोधनबाट थप

[२९] पहिलो संशोधनबाट थप

[३०] पहिलो संशोधनबाट थप

**३०. <u>बाधा अड्काउ फुकाउ</u>** : यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी थप व्यवस्थित र प्रभावकारी वनाउन प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट माननीय मन्त्रिस्तरको निर्णयले गर्न सकिनेछ ।

अनुसूची - १

(दफा ९ सँग सम्वन्धित)

**<u>दरखास्तको ढाँचा</u>**

मिति : २० / /

श्रीमान सचिवज्यू / कार्यालय प्रमुखज्यु

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय /........... कार्यालय

गण्डकी प्रदेश, पोखरा /...............कार्यालयको ठेगाना ।

विषय : वित्तीय अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिति ................मा ................पत्रिकामा प्रकाशित सूचना अनुसार यस संघ/संस्थाले प्रदेश सरकारको वित्तीय अनुदान समेतमा .........................आयोजना सञ्चालन गर्ने गरी मिति .........................को साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची -२ बमोजिमको विवरण खुलाई यो दरखास्त पेस गरिएको छ ।

"सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५" का सर्त,बन्देजहरु पालना गर्न यो संघ/संस्था मन्जुर गर्दछु/छ ।

भवदीय,

.............

अध्यक्ष

नाम,थर

संघ/संस्थाको नाम, ठेगाना

संघ/संस्थाको छाप

सम्पर्क नं.

**(स्थानीय तहको सहभागितामा आयोजना कार्यान्वयन हुने हो भने सम्वन्धित स्थानीय तहको सिफारिस पत्र संलग्न गर्ने )**

अनुसूची - २

(दफा ९ को खण्ड (ट) सँग सम्वन्धित)

**<u>आयोजनाको विवरण</u>**

१. संघ/संस्थाको नाम:

ठेगाना :

जिल्ला :

न.पा./गा.पा. :

वडा नं.

गाउँ/टोल :

२. दर्ता नं. र मिति :

३. आयोजनाको नाम :

४. आयोजनास्थल :

जिल्ला :

न.पा./गा.पा. :

वडा नं.

गाउँ/टोल :

४.१ आयोजनास्थल दफा ५ बमोजिमको दुर्गम क्षेत्रमा : पर्ने..... नपर्ने.........

५. आयोजना प्रारम्भ हुने मिति :

६. आयोजना सम्पन्न हुने मिति :

७. प्रस्तावित आयोजनाको कुल लागत : रु..................

७.१ स्थीर पुँजी आवश्यकता : रु..................

क. मेसिनरी उपकरण रु..................

ख. जग्गा रु..................

ग. भवन रु..................

घ. पशुपन्छी खरिद रु..................

ङ. अन्य (खुलाउने) रु..................

७.२ कार्यशील पुँजी आवश्यकता रु..................

७.३ कार्यक्रम खर्चको आयोजनाको हकमा कार्यक्रम खर्च रु..................

८. संस्थाले व्यहोर्ने लागत प्रतिशत...........................

९. संस्थाको लागत व्यहोर्ने श्रोत :

क. शेयर रकमबाट रु...........................

ख. जगेडा कोषबाट रु.................................

ग. अन्य रु...............................

१०. नेपाल सरकार,प्रदेश सरकार,स्यानीय तह वा यी अन्तर्गतका निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने ..........................................................................

११. सदस्य सहभागिताको अवस्था

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | सञ्चालक समितिमा | | आयोजनाबाट प्रतक्षत: लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| पिछडिएका अल्पसङ्ख्यक जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

१२. संस्थाको व्यवसायिक सेवामा सदस्य केन्द्रीयता

| विवरण | | हालको अवस्था (पछिल्लो आ.व.को) | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामाग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैर सदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष पूर्ण (वर्षमा २०८० घण्टा काम पाउने भए १ जना मानी | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संख्या जनाउने | | | | | | | | |
| **अप्रत्यक्ष** | | | | | | | | |
| **जम्मा** | | | | | | | | |

१३. आयोजनास्थलमा पूर्वाधारको स्थिति

(क) बिजुली..............,(ख) सिंचाई .............., (ग) पक्की सडक............,(घ) कच्ची सडक...............

१४. व्यवसायको लागि भवन,टहरा,सेड,गोठको स्थिति

(क)आफ्नै स्वामित्वमा निर्माण भएको...........(ख) आफ्नै स्वामित्वमा निर्माणाधीन.............

१५. कार्यालयको भौतिक स्थिति : (क) आफ्नै भवन..........(ख) भाडाको घर ......

१६.संस्थागत सुशासनको स्थिति :

(क) सञ्चालक समितिको बैठक नियमित छ..............छैन....................

(ख) वार्षिक साधारण सभा नियमित छ..............छैन....................

(ग) लेखा परीक्षण नियमित छ..............छैन....................

(घ) संघहरुमा आवद्ध छ..............छैन....................

(ङ) कार्य सञ्चालन नियमावली छ..............छैन.................... छ भने कतिवटा.......................

(च) आयोजनाको सम्भाव्यता अध्ययन छ..............छैन.................... भएको भए व्यवसायको वार्षिक मुनाफा दर :

१७.उत्पादित वस्तुको बजार सम्भावना :

(क) अन्तर्राष्ट्रिय बजारको पहुँच .... भएको .............नभएको

(ख) राष्ट्रिय बजारको पहुँच .... भएको .............नभएको

(ग) स्थानीय बजारको पहुँच .... भएको .............नभएको

१८.सामूहिक व्यवस्थापनमा सञ्चालन वा चक्लाबन्दीमा आधारित सहकारी खेती सञ्चालन :

(क) हुने ........................(ख) नहुने.............................

(ख) हुने भए सामूहिक रुपमा के कसरी सञ्चालन गरिने हो, खुलाउने

......................................................................................................................................................

........................................................................................................................

१९.प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय रुपमा समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्वन) :

(क) हुने ...................... नहुने............................

(ख) हुने भए के कसरी हुने हो खुलाउने

......................................................................................................................................................

........................................................................................................................

२०.मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप :

(क) हो ..............होइन......................

(ख) हो भने व्यहोरा खुलाउने

.......................................................................................................................................................

.....................................................................................................................................

२१.वैदेशिक बजारीकरण :

| विवरण | हाल पछिल्लो आ.व.को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| **स्वदेशमा विक्री** | | | | |
| **विदेशमा विक्री** | | | | |
| **जम्मा** | | | | |

२२.वातावरणीय सरोकार (प्राकृतिक श्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतिपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव) :

(क) सकारात्मक प्रभाव ................हुने, ...................नहुने

(ख) हुने भए के कस्तो हुने हो खुलाउने

.......................................................................................................................................................

.....................................................................................................................................

(ग) नकारात्मक प्रभाव ................हुने, ...................नहुने

(घ) हुने भए के कस्तो हुने हो, खुलाउने

.......................................................................................................................................................

.....................................................................................................................................

२३. अन्य कुनै कुरा भए खुलाउने :

.......................................................................................................................................................

.....................................................................................................................................

अध्यक्षको हस्ताक्षर

...................................

नाम, थर :

संस्थाको नाम, ठेगाना :

संस्थाको छाप :

सम्पर्क नं. :

अनुसूची - ३

(दफा १२ को उपदफा (२) सँग सम्वन्धित)

**प्रारम्भिक जाँचसूची**

१. सूचनाको म्यादभित्र दरखास्त दर्ता ..................भएको..................... नभएको

२. सूचनामा तोकिएको सवै कागजात संलग्न ..................भएको..................... नभएको

३. पछिल्लो वार्षिक साधारण सभा समयमै ..................गरेको.................... नगरेको

४. पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमै ..................गरेको..................... नगरेको

५. पछिल्लो वार्षिक लेखापरीक्षण समयमै ..................गराएको..................... नगराएको

६. यसअघि अनुदान प्राप्त गरेको भए सदुपयोग ..................गरेको..................... नगरेको

७. कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन .................नगरेको..................... गरेको

८. संस्था सञ्चालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा (बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न ..................भएको..................... नभएको

९. कर चुक्ता प्रमाणपत्र ..................भएको..................... नभएको

१०. दफा १० को उपदफा (५) बमोजिम निर्देशन समितिले तोके बमोजिम
.................भएको..................... नभएको

११. बीउपुँजी र पुँजीगत अनुदानको हकमा उत्पादन, प्रशोधन र बजारीकरणको कार्य
..................गरेको.................... नगरेको

१२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पेस.................भएको..................... नभएको

१३. स्थानीय तहको सहभागितामा आयोजना कार्यान्वयन गर्ने हो भने स्थानीय तहको सिफारिश पेस ..................भएको.................... नभएको

द्रष्टव्य :

..................................................................................................................................................................

........................................................................................................................

| जाँच गर्ने कर्मचारीको | प्रमाणित गर्नेको |
|---|---|
| नाम, थर : | नाम, थर : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |

अनुसूची - ४
(दफा ११ को उपदफा (३) सँग सम्वन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क**

| सि. नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | **आयोजनाको सदस्य केन्द्रीयता (उत्पादनमूलक संस्थामा सदस्यवाट खरिद, उपभोक्ता संस्थामा सदस्यलाई बिक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी) / चक्लाबन्दीमा आधारित सहकारी खेती** | | |
| **१.१** | **हालको अवस्था** | | **१०** |
| (क) | १०० प्रतिशत वा ५०% लागत व्यहोर्ने /५० रोपनी वा १० बिघा वा बढीमा | १० | |
| (ख) | ७५ प्रतिशत वा ४०% लागत व्यहोर्ने /४० रोपनी वा ८ बिघा वा बढीमा | ९ | |
| (ग) | ५० प्रतिशत वा ३०% लागत व्यहोर्ने /३० रोपनी वा ५ बिघा वा बढीमा | ८ | |
| (घ) | २५ प्रतिशत वा २०% लागत व्यहोर्ने /२० रोपनी वा २ बिघा वा बढीमा | ७ | |
| (ङ) | २५ प्रतिशत वा २० % लागत व्यहोर्ने /१० रोपनी वा २ बिघा कममा | ६ | |
| **१.२** | **आयोजनाको प्रक्षेपित अवस्था** | | **१०** |
| (क) | १०० प्रतिशत /१०० रोपनी वा २० बिघा बढीमा | १० | |
| (ख) | ७५ प्रतिशत वा बढी /८० रोपनी वा १६ बिघा बढीमा | ९ | |
| (ग) | ५० प्रतिशत वा बढी /६० रोपनी वा १२ बिघा बढीमा | ८ | |
| (घ) | २५ प्रतिशत वा बढी /४० रोपनी वा ८ बिघा बढीमा | ७ | |
| (ङ) | २५ प्रतिशत वा कम /२० रोपनी वा ४ बिघा बढीमा | ६ | |
| **२** | **आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी संख्या)*** | | **१५** |
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १४ | |

| | | | |
|---|---|---|---|
| (ग) | ३ जना | १३ | |
| (घ) | २ जना | १२ | |
| (ङ) | १ जना वा कम | ११ | |
| **३** | **स्थानीय तहको सहभागिता** | | २० |
| (क) | ५० प्रतिशत वा सो भन्दा बढी स्थानीय तहको सहभागिता | २० | |
| (ख) | ४० प्रतिशत वा सो भन्दा बढी स्थानीय तहको सहभागिता | १६ | |
| (ग) | ३० प्रतिशत वा सो भन्दा बढी स्थानीय तहको सहभागिता | १२ | |
| (घ) | २० प्रतिशत वा सो भन्दा बढी स्थानीय तहको सहभागिता | ८ | |
| (ङ) | २० प्रतिशतभन्दा कम वा नभएको | ४ | |
| ४ | **गरिब, विपन्न, महिला तथा सीमान्तीकृत समुदायको सहभागिता** * | | **१५** |
| ४.१ | **सदस्यमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशतभन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशतभन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशतभन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.२ | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशतभन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशतभन्दा बढी | ३ | |

| | | | |
|---|---|---|---|
| (घ) | ३३ प्रतिशतभन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशतभन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशतभन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशतभन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **५** | **महिला सहभागिता** | | **१०** |
| **५.१** | **सञ्चालक समितिमा सहभागिता वा सदस्यहरुको आयोजनामा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशतभन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशतभन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशतभन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **५.२** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशतभन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशतभन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशतभन्दा कम | २ | |

| | | | |
|---|---|---|---|
| (ङ) | नभएको | १ | |
| ६ | **भौगोलिक अवस्था** | | १० |
| (क) | दफा ५ को उपदफा (१) खण्ड (क) बमोजिमको क्षेत्र | १० | |
| (ख) | अन्य ग्रामीण क्षेत्र | ९ | |
| (ग) | नगरपालिका | ८ | |
| (घ) | उपमहानगरपालिका | ७ | |
| (ङ) | महानगरपालिका | ६ | |
| ७ | **सिर्जनात्मकता** | | १० |
| (क) | सामुहिक व्यवस्थापनमा सञ्चालन | २ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रवर्तन | २ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | २ | |
| (घ) | वातावरणीय सरोकारको सम्वोधन* | २ | |
| (ङ) | चक्लाबन्दीमा आधारित उत्पादन | २ | |

<u>द्रष्टव्य :</u>

१. पूर्ण रोजगारी भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनुपर्छ ।

२. वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनुपर्छ ।

३.नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्वन सम्झनुपर्छ ।

४. बैदेशिक बजारीकरण भन्नाले संस्थाको ५ प्रतिशतभन्दा बढी विदेशमा निर्यात गर्नेलाई सम्झनुपर्छ ।

अनुसूची - ५

(दफा ३ को उपदफा (५) सँग सम्वन्धित)

**उत्कृष्ट सहकारी संघ संस्था पुरस्कृतका लागि मूल्याङ्कनका आधार र अङ्क**

श्री ..................................................सहकारी संस्था लि.

.......................म.न.पा./गा.पा. वडा नं...................... जिल्ला ।

| क्र. सं. | मूल्याङ्कन हुने बिषय | अङ्क : १०० | न्युनत्तम प्राप्त गर्नुपर्ने अंक :५० | कैफियत |
|---|---|---|---|---|
| १ | संघ संस्था स्थापनाको पाँच बर्ष पुरा | १० | ५ | |
| २ | सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्धता र तथ्याङ्क प्रबृष्टी | १० | ५ | |
| ३ | सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धी निर्देशन, २०७४ को पालना | १० | ५ | |
| ४ | दोहोरो सदस्य र सञ्चालक नरहेको, सदस्य केन्द्रित भई सञ्चालनमा रहेको, कार्यक्षेत्र भित्रका सदस्य रहेको र मुख्य उद्देश्य बमोजिम कारोबार गरेको | १० | ५ | |
| ५ | जगेडा कोषमा संस्थाको जम्मा सम्पत्तिको कम्तीमा पाँच प्रतिशत रकम रहेको, | १० | ५ | |
| ६ | सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व भएको | १० | ५ | |
| ७ | आन्तरिक कार्यबिधि, रणनीतिक तथा व्यवसायिक योजना बनाई सञ्चालन भएको | १० | ५ | |
| ८ | लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन साधारणसभामा पेस भई पारित भएको | १० | ५ | |
| ९ | कर चुक्ता गरेको | १० | ५ | |
| १० | चौमासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन लगायतका मन्त्रालयमा बुझाउनु पर्ने बिवरणहरु समयमा नै पेस गर्ने गरेको | १० | ५ | |

मुल्याङ्कन गर्ने कर्मचारी : १. नाम थर, पद

२. नाम थर, पद

मिति : २०७../..../......

प्रमाणित गर्ने :(एक तह माथिको कर्मचारी) नाम थर,पद

मिति :